ढकारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १५ मितिः २०८०/११/०३

**भाग-१**

**ढकारी गाउँपालिका**

## ढकारी गाउँपालिकाको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७९

आज्ञाले,

नामः लक्ष्मण साह

नि.प्रमुख प्रशासकीय अधिकृत

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपन्छी पालन व्यवसायलाई सबल,व्यवस्थित र सुदृढ तुल्याउनुका साथै पशु,पशुजन्य पदार्थ ,पशु उत्पादन सामाग्रीको नियमित ,स्वच्छ तथा गुणस्तरीय उत्पादन गर्दै यसको सरल,सहज तथा भरपर्दो विक्री वितरण ,निकासी पैठारी गर्न पशुपन्छी पालन नीति, २०७४ को कार्यान्वयन गर्ने अभिप्रायले समग्र पशु क्षेत्रको विकास, व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६, स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७९ रहने छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भएपछि प्रारम्भ हुने छ ।

(३) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) “अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) “ किसान तथा व्यवसायिक किसान” भन्नाले पशुपालनलाई मूख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जिविकोपार्जन गर्ने नागरिक सम्झनुपर्दछ । परिवारका सदस्यकै श्रमबाट आफ्नो वा अरुको जमिनमा काम गरी परिवारको खाद्य आपूर्ति गर्ने परिवारको श्रीमान्, श्रीमती वा दुबैलाई सम्झनु पर्दछ । आम्दानी आर्जन गर्न आफ्नो वा अर्काको जमीनमा परिवारका सदस्य बाहेक अरु श्रमिक वा मूलरुपमा यन्त्रको प्रयोग गरी पशु व्यवसाय गर्ने व्यक्तिलाई पशु व्यावसायीक कृषक सम्झनु पर्छ ।

(घ) पशु भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जङ्गली जनावर सम्झनु पर्दछ । यो शब्दले पन्छी र माछालाई समेत जनाउछ ।

ङ) पशु जन्य पदार्थ भन्नाले पशुको मासु दुध रगत, बोसो, पित्त, दुध हाड, छाला, सिङ, खुर प्वाख, ऊँन, भुत्ला, रौं, भुण, विर्य, ग्रन्थी, मल, मुत्र वा सो वाट वनइएको अप्रसोधित सामाग्री संझनु पर्दछ ।

(च ) पशु जन्य सामाग्री भन्नाले पशु स्वास्थ्य,कृत्रिम गर्भाधान वा जैविक उत्पादनमा उपयोग हुने प्रसोधित,वा अप्रसोधित सामाग्री लाई संझनु पर्दछ। ।

(छ) जैविक पदार्थ भन्नाले पशु विकास तथा पशु स्वास्थ्यमा प्रयोग गरिने जीवाणु ,विषाणुयूक्त औषधी खोप वा जैविक रसायन सम्झनु पर्दछ ।

(ज) संक्रमण रोग भन्नाले सङ्घीय सरकारको राजपत्रमा प्रकाशित रोगलाई जनाउछ ।

(झ) “पशु पालन कृषक समूह” भन्नाले स्थानीय तहमा दर्ता भई पशुपन्छी पालनमा काम गर्ने किसानहरुको सङ्गठनलाई सम्झनु पर्छ ।

(ञ) “ कृषि सहकारी” कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तर्गत कृषि तथा पशु व्यवसाय गर्ने मूल उद्धेश्य राखि दर्ता भएको सङ्गठनलाई सम्झनु पर्दछ ।

(ट) शाखा भन्नाले पशु सेवा शाखा तथा विषयगत कार्यान्वयन गर्ने उच्च निकाय सम्झनु पर्दछ ।

(ठ) आनन्ददायी तथा विलासी पशुपन्छी भन्नाले कुकुर बिरालो मुसा तथा अन्य जङ्गली जनावर जनाउदछ ।

(ड) पशु सेवा प्राविधिक/पशु स्वास्थ्य प्राविधिक भन्नाले मान्यता प्राप्त संस्थाबाट भेट विषयमा कम्तिमा टि एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको व्यक्ति जनाउने छ ।

(ढ) गाउँ पशु स्वास्थ्य कार्यकर्ता भन्नाले मान्यता प्राप्त सस्था वाट कम्तिमा ३५ दिने पशु स्वास्थ्य सम्वन्धी तालिम प्राप्त व्यक्ति जनाउने छ ।

(ण) प्रिस्केप्सनः पशुपन्छी उपचारको लागी औषधी लेख्ने कार्य जनाउँछ ।

(त) औषधी पसलः औषधी व्यवस्था विभागबाट स्विकृत लिइ तथा पशु सेवा महाशाखावाट अभिलेखीकरण भएको पसल जनाउछ ।

(थ) शाखा प्रमुखः विषयगत शाखा तथा शाखाको उच्च व्यक्ति जनाउछ ।

(द) “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम,कार्यविधि,निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २

## पशु स्वास्थ्य

**४. पशु स्वास्थ्य सेवाः**

(१) सरकारी तथा निजी संस्था वा व्यक्तिबाट पशु स्वास्थ्य सेवा लिन सक्नेछ ।

(२) गाउँपालिकाबाट यस प्रकारको सेवा र शुल्क तोकिए बमोजिमको हुनेछ ।

(३) पशु पालन गर्दा तोकिए बमोजिमको जैविक सुरक्षाको उपाय अपनाउनु सम्बन्धित कृषकको कर्तव्य हुने छ ।

५. स्वास्थ्य सेवा र शुल्क निर्धारणः (१) गाउँपालिका भित्र कुनै निकाय तथा व्यक्तिवाट सेवा दिंदा देहाय बमोजिमको शुल्क निर्धारण समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

राजश्व समितिको संयोजकः अध्यक्ष

NVA प्रतिनिधि :

NEVLA प्रतिनिधि: सदस्य

NELTa प्रतिनिधि: सदस्य

उपभोक्ता हित संरक्षण मञ्चको अध्यक्ष: सदस्य

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अछाम: सदस्य
गाउँपालिकाको पशु सेवा शाखाको शाखा प्रमूख: सदस्य सचिव
(२) निर्धारण भएको शुल्क समानुकुल पुनरावलोकन गर्न सकिने छ ।
(३) पशु चिकित्सकहरुले गाउँपालिका भित्र पशु सेवा दिन गाउँपालिकामा अनिवार्य अभिलेखिकरण गर्नुपर्नेछ ।
(४) पशु स्वास्थ्य प्राविधिकलाई गाउँपालिकामा पशु सेवा तथा पशु स्वास्थ्यकर्मीको लागि सूचिकृत गरिनेछ ।
(५) सेवा स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा अनिवार्यरुपमा प्रिस्प्कीप्सन जारी गर्नु पर्नेछ ।

## परिच्छेद–३

## पशुजन्य व्यवसाय स्थापना तथा निकासी पैठारी सम्वन्धी व्यवस्था

६. पशुजन्य व्यवसाय तथा उद्योग स्थापना गर्दा दर्ता गर्नुपर्नेः
(१) पशुपन्छी व्यवसाय दर्ता तथा नविकरण गर्दा प्रचलित कानुन तथा गाउँपालिकाले तोकिए बमोजिमको मापदण्डको आधारमा सम्वन्धित वडा कार्यलयको सिफारिसमा गाउँपालिकामा दर्ता गर्नु पर्ने छ । यसको दस्तुर तथा शुल्क तोकिए बमोजिम हुनेछ ।
(२) औषधी तथा पशुपन्छी आहारको उद्योग तथा पसल प्रचलित कानून तथा गाउँपालिकाबाट तोकिए वमोजिमको मापदण्डको गाउँपालिकामा दर्ता र अभिलेखिकरण गरिनेछ ।
३) आनन्ददायी तथा विलासी पशुपन्छी (कुकुर तथा बिरालो) गाउँपालिकाबाट तोकिए बमोजिमको शुल्क बुझाई दर्ता गराउनु पर्नेछ ।
४) पशुपन्छी व्यवस्थापन गर्न तोकिए बमोजिमको मापदण्ड निर्माण गरी पशुपालन फर्म स्थापना, नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, वजार व्यवस्थापन व्यवस्थित गरिने छ ।
५) तोकिएको व्यक्तिले महामारी रोग नियन्त्रण गर्न पशुजन्य पदार्थको विक्री वितरण तथा गाउँ क्षेत्रमा आयात र निर्यात बन्द गर्न सक्ने छ ।
६) कुनै पशु जातिको पालन क्षेत्र तोक्न सक्नेछ ।
७) घना बस्ती भएको स्थानमा कुनै प्रजाती पाल्न तोकिए बमोजिम मनाइ गर्न सक्नेछ ।

## परिच्छेद ४

## पशु विकास कार्यदल

७. पशु विकास कार्यदल गठनः १) गाउँपालिका क्षेत्रमा संचालन हुने समग्र पशु सेवा कार्यक्रमको व्यवस्थापन, नियन्त्रण र मूल्याङ्कन गर्न पशु विकास कार्यदल गठन गर्न सक्नेछ ।

८. अनुदान कार्यक्रमः १) गाउँपालीका क्षेत्र भित्र पशुपालनको व्यवसायीकरण, उत्पादनमा आत्मनिर्भर बनाउन र स्थानीय रोजगार श्रृजनाको लागि सञ्चालित पशु जन्य व्यवसाय सञ्चालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र निजी पशु फर्मलाई गाउँपालिकाले तोकिए बमोजिमको परिधि भित्र रही अनुदान उपलब्ध गराईने छ ।

## परिच्छेदः ५

## पशु विमा, कोष तथा ऋण सम्बन्धी व्यवस्था

९. पशु विमा सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाबाट अनुदान प्राप्त गर्ने पशु पालक कृषकहरुले अनिवार्य रुपमा पशु विमा गराउनु पर्ने छ ।

२) पशु स्वास्थ्य प्रमाणित गर्दा गाउँपालिकामा सूचिकृत भएका प्राविधिकहरुबाट मात्र गर्नु पर्नेछ ।

३) पशु मृत्यु, अनुत्पादक तथा वाँझोपन प्रमाणिकरण गाउँपालिकाले गर्न सक्नेछ ।

४) पशु बिमा नियम विपरित गरेमा विमा सुविधा पाईने छैन ।

१०. योगदानमा आधारित कृषि कोषको व्यवस्था गाउँपालिकाले आवश्यक कानूनको तर्जुमा गरी लागु गर्न सक्नेछ ।

११.कृषि ऋणको व्यवस्था गाउँपालिकाले आवश्यक कानूनको तर्जुमा गरी लागु गर्न सक्नेछ ।

## परिच्छेदः ६

## पुरस्कार तथा दण्ड सजाय

१२. दण्ड सजाय तथा जफतः गाउँपालिकाबाट स्वीकृत गरिएको नियम विपरित कार्य गरेमा प्रकृति हेरी दश हजार देखी पचास हजारसम्म दण्ड सजाय तथा जफत गाउँपालिकाले गर्न सकिनेछ ।

१३. पुरस्कारः (१) महागाउँपालिकाले आफनो क्षेत्र भित्रका उत्कृष्ट पशु कृषकहरु तथा वडा छनौट गरी पुरस्कृत गर्न सक्नेछ ।

## परिच्छेदः७

## विविध

१४. व्यवसाय बन्द गराउन सक्नेः (१) मापदण्ड विपरित व्यवसाय संचालन गरेको पाइएमा सम्बन्धित पशु प्राविधिकको सिफासिरमा गाउँपालिकाले व्यवसाय बन्द गराउन सक्नेछ ।

१५. समिति गठन गर्न सक्नेः पशु सेवा विकासको लागि गाउँपालिकाले आवश्यकता बमोजिम समिति गठन गर्न सक्नेछ ।

१६. कृषक वर्गीकरण तथा परिचय पत्रको व्यवस्थाः कृषकको वर्गिकरण अनुसार परिचय पत्र प्रदान गरिने छ ।

१७. महामारी रोग नियन्त्रणः गाउँपालिकाले महामारी रोगको नियन्त्रणको लागी तोकिएको पशु वध गर्न तथा निर्धारित मिति सम्म व्यवसाय वन्द गर्न सक्नेछ ।

१८. वृद्ध र छाडा पशुआलय स्थापनाः गाउँपालिकाले आफैले तथा संघसंस्था सँगको सहकार्यमा वृद्ध र छाडा पशुआलय स्थापना गर्न सक्नेछ । वृद्ध र छाडा पशुका धनीले तोकिए बमोजिमको दस्तुर वुझाउनु पर्नेछ ।

१९. पशुजन्य पदार्थको गुणस्तर तथा मापदण्डः पशुजन्य पर्दाथको उत्पादन प्रशोधन तथा बिक्री वितरणका लागि आवश्यक मापदण्ड तयार गरी लागु गरिनेछ ।

२०. पशु क्वारेनटाईनको स्थापनाः गाउँपालिका क्षेत्रका तोकिएका नाकाहरुमा आवश्यकता बमोजिम पशु क्वारेन्टाइन स्थापना गरिनेछ ।सङ्घीय र प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको रोगहरु भएको पश,पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

२१. चरन तथा खर्क विकास र व्यवस्थापनः सम्भाव्यताका आधारमा पशुपन्छिको चरन तथा खर्क छनौट, विकास तथा व्यवस्थापन गरिनेछ ।

२२. नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यकता बमोजिम नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

२३. बचाउः यस ऐन तथा यस ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम गरेको मानिनेछ

२४. प्रवेश गर्न रोक लगाउन सक्ने देहायका अवस्थामा क्वारेन्टाइन अधिकृतले पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको प्रवेशमा रोक लगाउन सक्नेछ –

(क) पैठारी गरीएका पशु,पशुजन्य पदार्थवा पशु उत्पादन सामग्री जनु ठाउँबाट ल्याएको हो सो ठाउँमा संक्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा ।

(ख) पैठारीकर्ताले पैठारी गर्ने पशु पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा तोकिए बमोजिम संक्रामक रोग नभएको प्रमाण पत्र स्वास्थ्य सम्बन्धी प्रमाण पत्र उपलब्ध नगराएमा ।

(ग) खण्ड (क) बमोजिमको प्रमाण पत्रउपलब्ध गराएको भए तापनि केहि पशुहरु संक्रामक रोग लागि मरेको पाइएमा

(घ) पैठारी गरिएको पशु, पशुजन्य पदार्थवा पशु उत्पादन सामग्री ल्याउनको निमित्त प्रयोग गरिएको सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाइएमा ।